बै.सं. १५/८२/८३  अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठकको निर्णयहरु मिति २०८३/०३/३२

## १. प्रस्ताव नं १ तहवृद्धि सम्बन्धमा ।

**प्रस्ताव पेश गर्ने शाखाः** सामान्य प्रशासन शाखा ।

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकामा कार्यरत देहाय बमोजिमका कर्मचारीहरु स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (१) बमोजिम  एक तह माथिको पदमा तहवृद्धि हुनका लागि योग्य भई अर्जुनधारा नगरपालिकाको तहवृद्धि सिफारिस समितिबाट एक तह माथिको पदमा तह वृद्धि हुन सिफारिस भई निर्णयार्थ प्रस्ताव पेश भएको ।

| सि.नं. | कर्मचारीको नामथर | हालको पद,तह | तहवृद्धि भई कायम हुने पद, तह | ज्येष्ठता लागु हुने मिति |
|---|---|---|---|---|
| १ | राजेन्द्र कुँइकेल | जनस्वास्थ्य अधिकृत, अधिकृतस्तर सातौं | वरिष्ठ जनस्वास्थ्य अधिकृत, अधिकृतस्तर आठौं | २०८०/१०/२४ |

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा उल्लेख भए बमोजिमका कर्मचारीहरुको तहवृद्धिका सम्बन्धमा सिफारिस समितिको सिफारिस बमोजिम सबै योग्यता पुगेको मितिबाट ज्येष्ठता कायम हुने गरी तहवृद्धि गर्ने निर्णय गरियो ।

२. **प्रस्ताव नं २ जरिवाना तथा राजश्व रकम संकलन सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखाः** राजश्व शाखा ।

**प्रस्तावको व्यहोराः** श्री जिल्ला प्रशासन कार्यालय, भद्रपुर, झापाको च.नं. १४२६२ मिति २०८३/०३/२२ गतेको पत्रबाट श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीमा दर्ता भएको उजुरी दर्ता नं C-049039 को सम्बन्धमा जिल्ला प्रशासन कार्यालय झापाको संयोजनमा भएको छानबिनबाट अर्जुनधारा नगरपालिका वडा नं २ बस्ने कृष्णबहादुर श्रेष्ठले वडा नं २ को कि.नं.३२४,१२६६ र सँगै जोडिएको ०-०-८ धुर ऐलेनी जग्गा समेतबाट आइइइ नगरी मापदण्ड विपरित कुल जम्मा १२६८१.३४ घ.मि. नदीजन्य पदार्थ उत्खनन भएको देखिएकाले उक्त परिमाण अनुसारको उत्खनन गरी बिक्री वितरण भएको ढुङ्गा, बालुवा, भरौट बापत यस कार्यालयलाई बुझाउनु पर्ने राजश्व रकम असुल गरी प्रचलित कानून बमोजिम कारबाही टुङ्ग्याई सो को जानकारी गराउन लेखी आएकाले सो सम्बन्धमा आवश्यक छलफल तथा निर्णयार्थ प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** पेश भएको प्रस्ताव बमोजिम अर्जुनधारा नगरपालिका वडा नं २ बस्ने कृष्णबहादुर श्रेष्ठले वडा नं २ को कि.नं.३२४,१२६६ र सँगै जोडिएको ०-०-८ धुर ऐलेनी जग्गा समेतबाट आइइइ नगरी मापदण्ड विपरित कुल जम्मा १२६८१.३४ घ.मि. नदीजन्य पदार्थ उत्खनन भएको भन्ने जिल्ला प्रशासन कार्यालय झापाको पत्रसाथ प्राप्त छानविन प्रतिवेदन बमोजिम उक्त कार्य प्रचलित कानून बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई कुनै प्रस्ताव कार्यान्वयन गरेको देखिएकाले सम्बन्धित जग्गाधनीबाट देहायनुसारको जरिवाना तथा बिक्री शुल्क असुल उपर गर्ने निर्णय गरियो।

| सि.नं. | विवरण | रकम (रु) |
|---|---|---|
| १ | संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेकाले वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५ को उपदफा (१)को क बमोजिम | ५,००,०००/- |
| २ | उत्खनन भएको नदीजन्य पदार्थको राजश्व (कोशी प्रदेश आर्थिक ऐन, २०८२ को अनुसुची ६ बमोजिम) | ३५,८२,७०२ |

**प्रस्ताव नं ३** लम्पी स्किन डिजिज महामारी नियन्त्रण सम्बन्धमा ।

**प्रस्ताव पेश गर्ने शाखाः** पशुपंक्षी तथा मत्स्य विकास शाखा

प्रस्तावको व्यहोराः यस अर्जुनधारा नगरपालिकाका धेरै स्थानहरुमा लम्पी स्किन डिजिज फैलिएर पशुवस्तुहरुमा संक्रमण भई बिरामी भईरहेको र यो रोग दिनानुदिन फैलि रहेको हुनाले उक्त महामारी नियन्त्रणका लागि पशुवस्तुहरुमा लगाउने भ्याक्सिन व्यवस्थापन लगायतका कार्यका सम्बन्धमा थप छलफल तथा निर्णयका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गर्दा महामारीको रुफमा फैलिएको लम्पी स्किन डिजिजको प्रकोप नियन्त्रण गर्नु आवश्यक रहेको हुँदा उक्त प्रकोप नियन्त्रणका लागि आवश्यक पर्ने अनुमानित १८,००० (अठार हजार) डोज खोप निःशुल्क उपलब्ध गराईदिनका लागि कोशी प्रदेश सरकार तथा अन्तर्गतका निकायहरुमा अनुरोध गर्ने ।उक्त भ्याक्सिन प्राप्त भए पश्चात पशुपंक्षी तथा मत्स्य विकास शाखा तथा  वडा कार्यालयहरुले आपसमा समन्वय गरी सुचिकृत भ्याकिसिनेटर मार्फत भ्याक्सिनेटरको पारिश्रमिक तथा अन्य खर्च कृषकले व्यहोर्ने गरी भ्याक्सिनेसन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ विपद् व्यवस्थापन सम्बन्धि कार्यमा हेभी मेसिनरी उपकरणको प्रयोग सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखाः** वन, वातावरण, विपद् व्यवस्थापन तथा फोहोरमैला व्यवस्थापन शाखा ।

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिका अन्तर्गत पैनी संरक्षण, तटबन्धन निर्माण लगायतका विपद् व्यवस्थापनसँग सम्बन्धित आयोजनाहरु सञ्चालन गर्ने क्रममा नदीहरुमा हेभी मेसिनरी उपकरणको प्रयोग गर्नुपर्ने भई हेभी मेसिनरी उपकरणको प्रयोगको अनुमतिका लागि निवेदन तथा सिफारिस प्राप्त हुने गरेको तथा कतिपय अवस्थामा नगरपालिकाबाट स्थलगत अनुगमन गर्दा समेत उक्त स्थानमा हेभी मेसिनरी उपकरण प्रयोग गर्नुपर्ने देखिने भएकाले उक्त अवस्थामा हेभी मेसिनरी उपकरण सञ्चालन अनुमति दिने सम्बन्धमा थप छलफल तथा निर्णयार्थ प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्ताव माथि छलफल गर्दा यस अर्जुनधारा नगरपालिका अन्तर्गत पैनी संरक्षण, तटबन्धन निर्माण लगायतका विपद् व्यवस्थापनसँग सम्बन्धित आयोजनाहरु सञ्चालन गर्ने क्रममा नदीहरुमा हेभी मेसिनरी उपकरणको प्रयोग गर्नुपर्ने भई हेभी मेसिनरी उपकरणको प्रयोगको अनुमतिका लागि निवेदन तथा सिफारिस प्राप्त प्राप्त भएमा वा नगरपालिकाबाट स्थलगत अनुगमन गर्दा उक्त आयोजनाका लागि हेभी मेसिनरी उपकरण प्रयोग गर्नुपर्ने देखिएमा सम्बन्धित वडा समितिका प्रतिनिधि तथा प्राविधिक कर्मचारीको निगरानीमा हेभी मेसिनरी उपकरण प्रयोग गर्ने अवधि तोकी अनुमति दिने निर्णय गरियो ।

<u>**बै.सं. १५/८२/८३  अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठकको निर्णयहरु मिति २०८३/०३/३२**</u>

<u>**प्रस्ताव नं ५ सम्झौता रद्द सम्बन्धमा ।**</u>

<u>**प्रस्तावको व्यहोराः**</u> यस अर्जुनधारा नगरपालिका वडा नं ३ मा नगरपालिकाबाट निर्मित सामुहिक आवाश तथा सो आवाश क्षेत्रको जमिन हाल प्रयोग विहिन अवस्थामा रहेकोमा श्री मनरम फर्म प्रा.लि. ले मासु प्याकेजिङ्ग उद्योग सञ्चालन प्रयोजनका लागि वहालमा माग गरेको सम्बन्धमा छलफल भई उक्त सामुहिक आवाश हाललाई ५ वर्षको निम्ति प्रति महिना रु १५ हजार वहाल तिर्ने लगायतका शर्त राखी मिति २०८०/०६/२८ गतेको नगर कार्यपालिकाको बैठकको निर्णयानुसार उक्त सामुहिक आवाश उपलब्ध गराउने निर्णय भएकोमा हाल उक्त सामूहिक आवाश नगरपालिकाका विभिन्न सरकारी सार्वजनिक जग्गामा बसिरहेका सुकुम्वासीहरुलाई उपलब्ध गराउने पर्ने भएकाले उक्त निर्णयानुसार भएको सम्झौता रद्द गर्न उक्त विषयमा थप छलफल तथा निर्णयार्थ प्रस्ताव पेश भएको ।

<u>**निर्णयको व्यहोराः**</u> अर्जुनधारा नगरपालिका वडा नं ३ मा रहेको सामुहिक आवाशका बाँकी कोठाहरुमा यस नगरपालिकाका विभिन्न सरकारी तथा सार्वजनिक जग्गामा बसिरहेका भूमिहिन सुकुम्वासीलाई व्यवस्थापन गर्नुपर्ने भएको हुँदा हाललाई मनरम फर्म प्रा.लि.सँग भएको सम्झौता रद्द गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ७ करार सेवाका कर्मचारीहरुको करार म्याद थप सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने व्यहोराः सामान्य प्रशासन शाखा**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिका तथा अन्तर्गतका निकायहरुको नगर सभाबाट स्वीकृत संगठन संरचना तथा दरबन्दी विवरण बमोजिम करार सेवाबाट पदपूर्ती हुनुपर्ने भनी तोकिएका, उक्त दरबन्दी बमोजिम प्रदेश लोक सेवा आयोगबाट स्थायी पदपूर्ती नभएसम्मका लागि करार सेवामा लिइएका, नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाको आफ्नै आन्तरिक श्रोतबाट आर्थिक व्ययभार व्यहोर्ने गरी स्वीकृत अस्थायी दरबन्दी बमोजिमका पदहरुमा करार सेवामा लिइएका पदमा कार्यरत करार सेवाका कर्मचारीहरुको करार अवधि २०८३ आषाढ मसान्तसम्ममा रहेको हुँदा आगामी आर्थिक वर्षको लागि करार म्याद थपको सम्बन्धमा आवश्यक निर्णयार्थ प्रस्ताव पेश भएको।

**निर्णयको व्यहोराः** पेश भएको प्रस्ताव बमोजिम यस अर्जुनधारा नगरपालिकाबाट स्वीकृत दरबन्दी तथा सम्बन्धित कार्यक्रमको लागि स्वीकृत दरबन्दी अन्तर्गत करार सेवामा कार्यरत कार्यसम्पादन सन्तोषजनक रहेकाले देहाय बमोजिम हुने गरी आगामी आर्थिक वर्षका म्याद थप गर्ने निर्णय गरियो ।

१. प्रदेश सरकारबाट स्वीकृत सो पदको सुरु तलबमान अनुसारको आधारभुत पारिश्रमिक तथा अन्य शर्त तथा सुविधा साविक बमोजिम नै हुने,

२. नेपाल सरकारको सशर्त अनुदान अन्तर्गत तलब भत्ता प्राप्त हुने कर्मचारिको हकमा अपुग तलब तथा अन्य सुविधा नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने ।

**बै.सं. १५/८२/८३ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठकको निर्णयहरु मिति २०८३/०३/३२**

**प्रस्ताव नं ८** म्याद थप सम्बन्धमा ।

**प्रस्ताव पेश गर्ने शाखाः** पूर्वाधार विकास शाखा

**प्रस्तावको व्यहोराः** आर्थिक वर्ष २०८२/८३ अन्तर्गत अर्जुनधारा नगरपालिकाबाट सञ्चालित विभिन्न निर्माण कार्यका ठेक्काहरूका निर्माण व्यवसायीहरूले निर्माण सामग्रीको अभाव, निर्माण सामग्री तथा इन्धनलगायतका वस्तुको अस्वाभाविक मूल्यवृद्धि, आपूर्ति शृङ्खलामा आएको अवरोध तथा अन्य व्यावहारिक कारणले तोकिएको सम्झौता अवधिभित्र निर्माण कार्य सम्पन्न गर्न कठिनाइ भएको जनाउँदै म्याद थपका लागि निवेदन पेश गरेकामा प्राप्त निवेदन, सम्बन्धित प्राविधिक शाखाको स्थलगत प्रतिवेदन तथा कार्य प्रगतिको अवस्थासमेत अध्ययन गर्दा उल्लिखित कारणहरूका आधारमा निर्धारित अवधिभित्र कार्य सम्पन्न हुन नसकेको देखिएको । साथै, सार्वजनिक खरिद नियमावली (चौधौं संशोधन) को नियम १२० मा उल्लेख भएको म्याद थपसम्बन्धी व्यवस्थाबमोजिम सार्वजनिक निकायले मनासिब कारण देखिएमा निर्माण कार्यको म्याद थप गर्न सक्ने व्यवस्था रहेको ।

त्यसैगरी, नेपाल सरकारबाट निर्माण सामग्रीको अभाव, मूल्यवृद्धि तथा निर्माण क्षेत्रलाई परेको प्रभावका सम्बन्धमा विभिन्न मितिमा जारी निर्देशन, परिपत्र तथा निर्णयहरूको भावना अनुरूप समेत यस्ता निर्माण कार्यहरूको म्याद थप गर्न सकिने व्यवस्था रहेको सन्दर्भमा, अर्जुनधारा नगरपालिका अन्तर्गत आर्थिक वर्ष २०८२/८३ का विभिन्न निर्माण ठेक्काहरूको सम्झौता अवधि म्याद थप गर्नु उपयुक्त देखी सार्वजनिक खरिद नियमावली (चौधौं संशोधन) को नियम १२० तथा नेपाल सरकारबाट जारी भएका सम्बन्धित निर्देशन एवं परिपत्रहरूको आधारमा आर्थिक वर्ष २०८२/८३ अन्तर्गत अर्जुनधारा नगरपालिकाका संलग्न सूची बमोजिमका विभिन्न निर्माण ठेक्काहरूको म्याद **थप गर्ने** निर्णयका लागि कार्यपालिकाको बैठकमा प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** प्रस्तावमा पेश भए बमोजिमका संलग्न सूची बमोजिमका आयोजनाहरुको सूचीमा उल्लेखित अवधि सम्मका लागि सार्वजनिक खरिद नियमावली (चौधौं संशोधन) को नियम १२० तथा नेपाल सरकारबाट जारी भएका सम्बन्धित निर्देशन एवं परिपत्रहरूको आधारमा म्याद थप गर्ने निर्णय गरियो ।

बै.सं. १५/८२/८३  अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठकको निर्णयहरु मिति २०८३/०३/३२

निर्णय नं  ८ सँग सम्बन्धित म्याद थप हुने आयोजनाको विवरण

| S.N | Contract ID | Description of Work | Name Of Contractor | Extended Time |
|---|---|---|---|---|
| 1 | AM/NCB/WORKS/02-082/83 | Construction of Asphalt Concrete Road on Ilaka Sadak Milanchowk Road and Beltar Singheswari Road, Arjundhara-02 | Nautan Shree Construction, Arjundhara-09 | 2083/10/29 |
| 2 | AM/NCB/WORKS/04-082/83 | Construction of RCC Structure and Asphalt Concrete Road on Khanal chowk Sakhuwani Pandabpur Road, Arjundhara-05 | Nantra Construction Pvt. Ltd, Mechinagar | 2083/10/29 |
| 3 | AM/NCB/WORKS/05-082/83 | Construction of Plum Wall and Asphalt Concrete Road on Laxmi Marga Road 11, Arjundhara-06 | Jay Rajaji Baba Construction and suppliers Pvt. Ltd, Kathmandu | 2083/10/29 |
| 4 | AM/NCB/WORKS/06-082/83 | Construction of slope protection, box culvert and Asphalt Concrete Road works on Ratevitta Mandan Bhandari Marga, Arjundhara-02 | Numa/JB and Sons J.V, Arjundhara-01 | 2083/10/29 |
| 5 | AM/NCB/WORKS/08-082/83 | Construction of Asphalt concrete Ro<br><br>ad on 3 no. Tol Gairi Gaun Road Arjundhara-08, Pandappur Chowk west Road Arjundhara-05 | Sayapatri Nirman Sewa, Birtamode-01 | 2083/10/29 |
| 6 | AM/NCB/WORKS/10-082/83 | Construction of Asphalt concrete Road on Buspark-Saharedangi Road, Salbadi-Chaudhari Bhawan Road, Arjundhara-11, Machhindra chautari east-Ward 11 simana Road, Arjudhara-09 | Bhadaha Construction and Suppliers Pvt. Ltd, Ilam | 2083/10/29 |
| 7 | AM/NCB/WORKS/11-082/83 | Upgrading of Pranami Mandir- Mata Mandir Blacktop Road, Arjundhara-09 | Bishal-Mahin-KP Pathivara JV, Kankai | 2083/10/29 |
| 8 | AM/NCB/WORKS/12-082/83 | Construction of two storey school building at Nawajyoti Aa. Vi., Arjundhara-02 | Buss Builders Pvt. Ltd, Arjundhara-04 | 2083/10/29 |
| 9 | AM/NCB/WORKS/13-082/83 | Repair and Maintenance work at Tamang chowk-mildada Road, Arjundhara 04 and 07 | Nirvana Builders pvt. Ltd, Birtamode | 2083/10/29 |
| 10 | AM/NCB/WORKS/10-081/82 | Construction of Asphalt Concrete Road and Overlay on Laxmipur-Bihibare Bajaar Road, Arjundhara-05 | Matribhumi Nirman Sewa, Birtamode | 2083/10/29 |
| 11 | AM/NCB/WORKS/11-079/80 | Construction of Intregated Emergency Response center (IERC) | Kalika-Engineering JV, Kathmandu | 2083/07/30 |
| 12 | AM/NCB/WORKS/10-077/78 | Haluwagadh Eco tourism Promotion Project, Arjundhaar-01 | Bhagwati Nirman Sewa, Ilam | 2083/07/30 |
| 13 | AM/NCB/WORKS/14-078/79 | Construction of 15 Bed  Hospital Building at Arjundhara Municipaltiy | Kaligandaki Aadarsha JV | 2084/03/20 |